# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
**केन्द्रिय कार्यालय Central Office**
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

मिति २०७६ चैत १८

### जीवनको अधिकार रक्षा गर्ने कार्यमा सहयोग पुऱ्याउन आग्रह
### दुई करोड रुपैयाँ कोभिड-१९ विरुद्धको कार्यमा प्रयोग गर्न अनुरोध ।

नेपाली नागरिकको स्वास्थ्य सुरक्षाको संवेदनशीलतालाई दृष्टिगत गरी आगामी चैत्र २५ गतेसम्म लकडाउन गर्ने सरकारको निर्णयलाई राष्ट्रिय मानव अधिकार आयोगले सकारात्मक कदमका रुपमा लिएको छ । विश्वभर फैलिरहेको कोभिड-१९ को सङ्क्रमणबाट बँच्न र बचाउँन गरिएको सरकारको यस निर्णयलाई पूर्ण रुपमा पालना गर्न आयोग सम्पूर्ण नेपाली नागरिक तथा सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

मानव अधिकारको विश्वव्यापी मान्यताअनुसार सबै मानव अधिकार अन्तरसम्बन्धित र समान महत्वको हुने हुँदा जीवनको अधिकार सुरक्षित र सुनिश्चित गर्ने सन्दर्भमा स्वास्थ्यको अधिकारका साथै नागरिकका अन्य आधारभूत अधिकारहरुको समेत सम्मान र परिपूर्ति हुन आवश्यक हुन्छ । सन्त्रास र सङ्कटको यस घडीमा राज्यका सबै निकायहरुको सक्रियता, समन्वय र सहयोगात्मक भावनाको महत्व रहनेमा आयोग विश्वास गर्दछ । यिनै विषयहरुलाई दृष्टिगत गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रण कार्यमा सरकारलाई सहयोग पुगोस् भन्ने उद्देश्यले आयोगले चालू आर्थिक वर्षको कार्यक्रम तथा बजेटबाट प्रशासनिक खर्च तथा अत्यावश्यक कार्यक्रमहरु बाहेक अन्य कार्यक्रमहरु स्थगन गरी सोको लागि विनियोजित बजेट रकममध्ये रु. दुई करोड नेपाल सरकारलाई तत्कालै फिर्ता गर्ने निर्णय गरेको छ । नेपाल सरकारलाई फिर्ता गरिएको उक्त रकम कोभिड-१९ को नियन्त्रण र रोकथाममा प्रयोग गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

यसका साथै, जीवनको अधिकार रक्षाका लागि कोभिड-१९ विरुद्ध प्रभावकारी रुपमा लड्ने कार्यमा नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउन आयोग सबै सरकारी निकायहरु, नागरिक समाज, मानव अधिकारकर्मी, उद्योग व्यवसायी तथा निजी क्षेत्र समेतलाई आग्रह गर्दछ ।

...............
वेद भट्टराई
सचिव /प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org